रूपा गाउँपालिकाको कृषि क्षेत्रसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७ पुष ०७ गते मंगलबार

प्रमाणीकरण मितिः२०७७ पुष ०९ गते बिहिबार

# रूपा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## रूपाकोट, कास्की

## गण्डकी प्रदेश, नेपाल

"रूपाको पहिचान सबै क्षेत्रमा समृद्धिको अभियान"

email: ruparumun@gmail.com Website: https://rupamun.gov.np

## विषयसूची


रूपा गाउँपालिका कास्कीको कृषि क्षेत्रसँग सम्बन्धी कार्यक्रम कार्यान्वय निर्देशिका, २०७७

१. एक घर एक करेसाबारी कार्यक्रम (विनियोजित रकम रू १५,००,०००) ..... 1

प्राविधिक पक्षः ..... 1

आर्थिक पक्षः ..... 1

संलग्न गर्नुपर्ने कागजातहरुः ..... 1

२. एक वडा एक नर्सरी कार्यक्रम ..... 2

(विनियोजित रकम रू १५,००,०००) ..... 2

प्राविधिक पक्षः ..... 2

मुल्याङ्कन आधार ..... 2

आर्थिक पक्षः ..... 3

संलग्न गर्नुपर्ने कागजातहरुः ..... 3

३. जग्गा चक्लाबन्दी कार्यक्रम ..... 3

(विनियोजित रकम रू २०,००,०००) ..... 3

प्राविधिक पक्षः ..... 3

आर्थिक पक्षः ..... 4

संलग्न गर्नुपर्ने कागजातहरुः ..... 4

४. कृषक प्रोत्साहन कार्यक्रमः ..... 4

(विनियोजित रकम रू ५,००,०००) ..... 4

प्राविधिक पक्षः ..... 4

आर्थिक पक्षः ..... 5

संलग्न गर्नुपर्ने कागजातहरुः ..... 5

५. कृषि उपज संकलन केन्द्र तथा कोल्ड स्टोर व्यवस्थापन (विनियोजित रकम रू ६,००,०००) ..... 6

५.१ कृषि उपज संकलन केन्द्र निर्माणः ..... 6

प्राविधिक पक्षः ..... 6

आर्थिक पक्षः ..... 6

संलग्न गर्नुपर्ने कागजातहरुः ..... 6

५.२. कोल्ड स्टोर व्यवस्थापन ..... 7

प्राविधिक पक्षः ........................................................................................................ 7
आर्थिक पक्षः........................................................................................................ 7
संलग्न गर्नुपर्ने कागजातहरुः........................................................................................ 7
६. बाँदर व्यवस्थापन कार्यक्रम (विनियोजित रकम रू ५,००,०००) .......................................... 8
प्राविधिक पक्षः ........................................................................................................ 8
आर्थिक पक्षः........................................................................................................ 8
संलग्न गर्नुपर्ने कागजातहरुः........................................................................................ 8
७. नेपाल सरकारबाट शसर्त वित्तीय हस्तान्तरण मार्फत सञ्चालन हुने कार्यक्रम........................ 9
७.१ बहुउद्देश्यीय नर्सरी स्थापना कार्यक्रम/स्थापित नर्सरीको क्षमता अभिबृद्धि कार्यक्रमः ................ 9
७.२ पकेट विकास कार्यक्रम........................................................................................ 9
८. कृषक छनौट समितिको गठन, काम, कर्तव्य र अधिकारः ................................................ 10
अनुसूचि १.......................................................................................................... 12
एक घर एक करेसाबारी कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा । ....................... 12
अनुसूचि २.......................................................................................................... 13
एक वडा एक नर्सरी कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा । ........................ 13
अनुसूचि ३.......................................................................................................... 14
जग्गा चक्लाबन्दी (गह्रा सुधार) कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा । ............ 14
अनुसूचि ४.......................................................................................................... 15
कृषक प्रोत्साहन कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा । ............................ 15
अनुसूचि ४.१........................................................................................................ 16
कृषक प्रोत्साहन कार्यक्रमको प्रस्तावको ढाँचा........................................................................ 16
अनुसूचि ५.......................................................................................................... 17
कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा । .......... 17
अनुसूचि ६.......................................................................................................... 18
कोल्ड स्टोर व्यवस्थापन कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा । ................... 18
अनुसूचि ७.......................................................................................................... 19
बाँदर व्यवस्थापन कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा । .......................... 19
अनुसूचि ८.......................................................................................................... 20

५०% अनुदानमा बहुउद्देश्यीय नर्सरी स्थापना कार्यक्रम/स्थापित नर्सरीको क्षमता अभिबृद्धि कार्यक्रम आवेदन फाराम ... 20

अनुसूचि ८.१ ........................................................................................................................ 21

५०% अनुदानमा बहुउद्देश्यीय नर्सरी स्थापना कार्यक्रम/स्थापित नर्सरीको क्षमता अभिबृद्धि कार्यक्रमको प्रस्तावनाको ढाँचा ........................................................................................................................ 21

अनुसूचि ८.२ ........................................................................................................................ 23

प्रतिबद्धता पत्र ........................................................................................................................ 23

अनुसूचि ९ ........................................................................................................................ 24

पकेट विकास कार्यक्रमको निवेदन ढाँचा ........................................................................................................................ 24

अनुसूचि ९.१ ........................................................................................................................ 25

पकेट विकास कार्यक्रमको प्रस्तावना ........................................................................................................................ 25

अनुसूचि १० ........................................................................................................................ 31

रूपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि तर्फको एक वडा एक नर्सरी कार्यक्रम सञ्चालनसँग सम्बन्धित सम्झौता पत्र ........................................................................................................................ 31

अनुसूचि ११ ........................................................................................................................ 35

रूपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि तर्फको जग्गा चक्लाबन्दी कार्यक्रम सञ्चालनसँग सम्बन्धित सम्झौता पत्र ........................................................................................................................ 35

अनुसूचि १२ ........................................................................................................................ 37

रूपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि तर्फको कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम सञ्चालनसँग सम्बन्धित सम्झौता पत्र ........................................................................................................................ 37

अनुसूचि १३ ........................................................................................................................ 39

बहुउद्धेश्यीय नर्सरी स्थापना तथा स्थापित नर्सरीहरुको क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालनसँग सम्बन्धित सम्झौता पत्र. 39

अनुसूची १४ ........................................................................................................................ 40

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना पकेट विकास कार्यक्रम (........................ पकेट) सञ्चालनसँग सम्बन्धित सम्झोता पत्र ........................................................................................................................ 40

## रूपा गाउँपालिका कास्कीको कृषि क्षेत्रसँग सम्बन्धी कार्यक्रम कार्यान्वय निर्देशिका, २०७७

रूपा गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि क्षेत्रको विकास तर्फका विभिन्न कार्यक्रमहरूलाइ मितव्ययी, पारदर्शी र प्रभावकारी तुल्याइ अधिकतम प्रतिफल प्राप्त गर्न रूपा गाउँपालिका गाउँ कार्यपालिकाको **मिति २०७७/०९/०७** को बैठकबाट यो निर्देशिका स्वीकृत गरि लागु गरेको छ ।

### १. एक घर एक करेसाबारी कार्यक्रम

### (विनियोजित रकम रू १५,००,०००)

**प्राविधिक पक्षः**

१. तरकारी खेतीमा आवद्ध भएका वा हुन चाहने कृषि फर्म / कम्पनी / सहकारी / समूह वा कृषकहरूलाई आफ्नो व्यवसायको आकार वृद्धि गर्न प्रोत्साहन गर्ने मुल उद्देश्यका साथ यो कार्यक्रम सञ्चालन हुनेछ ।

२. कृषिसँग सम्बन्धित फर्म / कम्पनी / सहकारी / समूह वा कृषक यस कार्यक्रममा सहभागी हुन सक्नेछन् ।

३. उक्त कार्यक्रममा सहभागी हुन चाहने कृषि फर्म/कम्पनी/सहकारी/समूह वा कृषकले अनुदानमा १२*६ को टनेल प्लास्टिक पाउँनेछन्।

४. यसका लागि कृषि फर्म / कम्पनी / सहकारी / समूह वा कृषकले टनेलको (बाँस वा फलामको) फ्रेम अनिवार्य तयार गरेको हुनुपर्नेछ ।

५. गाउँपालिकाले सम्बन्धित वडा कार्यालयहरूलाई गाउँ कार्यपालिकाले स्वीकृत गरेको प्लास्टिक टनेल संख्या उपलब्ध गराउनेछ ।

६. माथि उल्लिखत मापदण्ड पुगेका कृषि फर्म / कम्पनी / सहकारी / समूह वा कृषकहरूलाई प्लास्टिक टनेल सम्बन्धित वडा कार्यालयले वितरण गर्नुपर्नेछ ।

७. माथि उल्लिखत मापदण्ड पुगेका कृषि फर्म / कम्पनी / सहकारी / समूह वा कृषकहरूलाई प्लास्टिक टनेल सम्बन्धित वडा कार्यालयको सिफारिसमा तथा गाउँपालिका अध्यक्षस्तरीय निर्णयअनुसार कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालय मार्फत् वितरण हुनेछ ।

८. अन्य विषयमा कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**आर्थिक पक्षः**

१. कृषि फर्म / कम्पनी / सहकारी / समूह वा कृषकले प्लास्टिक टनेलका लागि गाउँ कार्यपालिकाले तोके बमोजिमको रकम प्रति प्लाष्टिक टनेल रू १ हजार मात्र सनराइज बैंक देउराली शाखामा रहेको गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गरी सोको सक्कलै भौचर वा गाउँपालिकाको राजश्व शाखामा नगदै तिरी सोको सक्कल रसिद पेश गर्नुपर्नेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. तोकिएको ढाँचामा अनुसूची १ अनुसारको निवेदन ।

२. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
४. निर्धारित रकम तिरेको प्रमाण खुल्ने कागजात ।
५. तयार गरेको फ्रेमको फोटो ।

## २. एक वडा एक नर्सरी कार्यक्रम

## (विनियोजित रकम रू १५,००,०००)

**प्राविधिक पक्षः**

१. गाउँपालिकाले 'एक वडा एक नर्सरी' कार्यक्रम मार्फत् पालिका भित्र तरकारी तथा फलफूलको उत्पादनमा प्रवर्द्धन गरीआत्मनिर्भर बन्ने लक्ष्य अनुरूप यस कार्यक्रम सञ्चालन हुनेछ ।
२. कृषिसँग सम्बन्धित फर्म / कम्पनी / सहकारी / समूह वा व्यवसायिक कृषक यस कार्यक्रममा सहभागी हुन सक्नेछन् ।
३. छनौट भएका कृषि फर्म/कम्पनी/सहकारी/समूह वा कृषकले कम्तीमा ५ वर्ष मौसम/सिजन अनुसारको तरकारी बेर्ना उत्पादन गर्नुपर्नेछ र गाउँपालिकाले तोकेबमोजिमको दररेटमा कृषकहरूलाई उपलब्ध गराउनुपर्नेछ ।
४. सम्बन्धित वडा कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरूलाई यस कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित गराउने उद्देश्य भएकाले उक्त नर्सरी निर्माणस्थल वडा कार्यालयबाट सम्भव भएसम्म ५०० मीटर आसपास हुनुपर्नेछ ।
५. सूचना आव्हान पश्चात् संकलन भएका निवेदनहरूमध्येबाट सम्बन्धित वडा कार्यालयले कुनै ५ निवेदकलाई सिफारिस गरी गाउँपालिकामा पठाउनुपर्नेछ ।
६. गाउँपालिका स्तरीय गठन भएको कृषक छनौट समितिले स्थलगत अध्ययन तथा तपसिलका मुल्याङ्कन आधार मानी हरेक वडाबाट सिफारिस भइ आएका निवेदकहरूमध्येबाट कुनै एक निवेदकलाई छनौट गर्नेछ ।

**मुल्याङ्कन आधार**

- वडा कार्यालयबाटको दुरी
- वातावरणीय उपयुक्तता
- निवेदकको उमेर
- उस्तै प्रकृतिका कार्यक्रममा अन्य संस्थाबाट अनुदान पाएको वा नपाएको
- निवेदकले लिएका कृषि सम्बन्धी तालिम तथा सिप
- वैदेशिक रोजगारीबाट फर्किएका
- अन्य कुनै पेसामा आवद्ध भएको वा नभएको
- कृषि फर्म/कम्पनी/सहकारी/समूह/व्यवसायिक कृषक कसले गर्न चाहेको ।

७. छनौट भएका निवेदकले गाउँपालिकाको कृषि विकास शाखा वा अन्तर्गतका कृषि प्राविधिकको सल्लाह र सुझाब पालना गर्नुपर्नेछ ।

**आर्थिक पक्षः**

१. छनौट भएका निवेदकले लागत अनुमानका आधारमा उक्त नर्सरी निर्माण गर्नुपर्नेछ ।

२. सबै वडामा एकै प्रकृतिका नर्सरी निर्माण हुनेछ ।

३. गाउँपालिकाले प्रत्येक नर्सरीलाई बढिमा ८५% वा रकम रू २,००,०००।- अक्षरूपी दुई लाख रूपैयाँ मात्र नगद अनुदान उपलब्ध गराउनेछ । यस बाहेकको अन्य लागत कृषक स्वयम्ले व्यहोर्नु पर्नेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. तोकिएको ढाँचामा अनुसूची २ अनुसारको निवेदन ।

२. नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।

३. कृषि फर्म / कम्पनी / सहकारी / समूहको हकमा दर्ता प्रमाणपत्र तथा PAN/VAT दर्ता प्रमाणपत्र प्रतिलिपी।

४. व्यवसायिक कृषकको हकमा कृषक वर्गिकरण पत्र ।

५. आफ्नो नाममा जग्गाधनी पूर्जा प्रमाणपत्र नभएको खण्डमा जग्गा करारनामा वा भाडा सम्झौता पत्र ।

## ३. जग्गा चक्लाबन्दी कार्यक्रम

## (विनियोजित रकम रू २०,००,०००)

**प्राविधिक पक्षः**

१. भूमिको बढ्दो खण्डीकरण एवम् जग्गा बाँझो राख्ने प्रवृतिलाई निरूत्साहित गर्दै कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका साथै भूमिको समूचित प्रयोगमा जोड दिन **जग्गा चक्लाबन्दी (गह्रा सुधार) कार्यक्रम** सञ्चालनमा ल्याइएको हो ।

२. कृषिसँग सम्बन्धित फर्म / कम्पनी / सहकारी / समूह वा व्यवसायिक कृषक यस कार्यक्रममा सहभागी हुन सक्नेछन् ।

३. कृषिसँग सम्बन्धित फर्म / कम्पनी वा व्यवसायिक कृषकको हकमा न्यूनतम ७ रोपनी क्षेत्रफल भएको एक वा सो भन्दा बढी कित्ता भएको कृषि उत्पादन योग्य जमिन हुनुपर्नेछ भने कृषिसँग सम्बन्धित सहकारी वा समूहको हकमा न्यूनतम १५ रोपनी क्षेत्रफल भएको एक वा सो भन्दा बढी कित्ता भएको कृषि उत्पादन योग्य जमिन हुनुपर्नेछ ।

४. खेतियोग्य जमिनमा आवास तथा उद्योगका लागि प्लानिङ गर्न नहुने, चक्लाबन्दी गरिएको जमिनमा तरकारी वा फलफुल खेति गर्नुको साथै सो कार्य गर्न कम्तीमा ५ बर्षको प्रतिबद्धता गर्नुपर्नेछ ।

५. चक्लाबन्दी पश्चात् अनुदानग्राहीले चार किल्ला भित्रको एउटै कित्ता वा यथावत कित्ता कायम गर्न सक्नेछ । यस कार्यमा गाउँपालिकाबाट आवश्यक प्राबिधिक सहयोग उपलब्ध गराईनेछ ।

६. सँदियारहरू समझदार भएको स्थानमा मात्र उक्त कार्यक्रम संचालन गरिनेछ अन्यथा विवादित क्षेत्रमा भने गाउँपालिकाले **जग्गा चक्लाबन्दी (गह्रा सुधार) कार्यक्रम** लागु गर्ने छैन ।

७. यस कार्यक्रममा पेश भएका आवेदकहरूमध्ये स्थलगत निरीक्षण पश्चात बजेट, क्षेत्रफल, भुगोल तथा अन्य प्राविधिक तथा आर्थिक दृष्टिकोणलाई आधार मानी गाउँपालिका स्तरीय गठन भएको कृषक छनौट समितिले कृषि फर्म / कम्पनी / सहकारी / समूह वा व्यवसायिक कृषक छनौट गर्नेछ ।

**आर्थिक पक्षः**

१. छनौट भएका निवेदकले गाउँपालिकाले तयार गरेको लागत अनुमानका आधारमा **जग्गा चक्लाबन्दी (गह्रा सुधार)** गर्नुपर्नेछ ।

२. **जग्गा चक्लाबन्दी (गह्रा सुधार) कार्यक्रम** अन्तर्गत कृषिसँग सम्बन्धित फर्म वा व्यवसायिक कृषकका लागि यन्त्रको प्रयोग गरी एउटै क्लस्टरमा न्यूनतम ७ रोपनी क्षेत्रफल जग्गा/गह्रा सुधार कार्यका लागि रूपा गाउँपालिकाबाट मुल्याङ्कनका आधारमा ६० प्रतिशत अनुदान वा बढिमा रू ५०,००० (अक्षरूपी रू पचास हजार मात्र) नगद अनुदान तथा कृषिसँग सम्बन्धित समूह वा सहकारीका लागि एउटै क्लस्टरमा न्यूनतम १५ रोपनी क्षेत्रफल जग्गा/गह्रा सुधार कार्यका लागि रूपा गाउँपालिकाबाट मुल्याङ्कनका आधारमा ६० प्रतिशत अनुदान वा बढिमा रू १,००,००० (अक्षरूपी रू एक लाख मात्र) नगद अनुदान प्रदान गर्नेछन् । सो बाहेकको अन्य रकम कृषकले आफै व्यहोर्नु पर्नेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. तोकिएको ढाँचामा ढाँचामा अनुसूची ३ अनुसारको निवेदन ।
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।
३. कृषि/पशु फर्म वा सहकारी संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, PAN/VAT प्रमाणपत्र प्रतिलिपि ।
४. समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान लिन माग गर्ने भनी गरेको निर्णयको प्रतिलिपि ।
५. व्यक्तिगत कृषकको हकमा नीजको कृषक वर्गीकरणको प्रतिलिपि ।
६. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि ।
७. सम्बन्धीत वडाको सिफारिस पत्र ।

## ४. कृषक प्रोत्साहन कार्यक्रम

## (विनियोजित रकम रू ५,००,०००)

**प्राविधिक पक्षः**

१. सम्भव भएसम्म कुनै निकायबाट हालसम्म **कुनै पनि शीर्षकमा अनुदान प्राप्त नगरी** आफ्नै लगानीमा कृषि कार्य गर्दै आएका कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यले यस कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।

२. कृषि/पशुसँग सम्बन्धित फर्म / कम्पनी / सहकारी / समूह वा कृषक यस कार्यक्रममा सहभागी हुन सक्नेछन् ।

३. क. कृषि तर्फः

व्यावसायिक कृषक वा फर्मले न्यूनतम २ वटा प्लास्टिक टनेल सञ्चालन गरेको वा न्यूनतम २ रोपनीमा फलफुल वा तरकारी खेती गरेका वा ७ घार मौरीपालन गरेको हुनुपर्ने ।कृषक समूहको लागि सो संख्या दोब्बर हुनुपर्ने।

ख. पशुपालन तर्फः

व्यावसायिक कृषक वा फर्मले न्यूनतम १ वटा उन्नत जातका गाई वा भैंसी पालन गरेका वा न्यूनतम ३ रोपनीमा उन्नत घाँस खेती गरेका वा न्यूनतम १५ वटा माउ बाख्रा पालन गरेका वा न्यूनतम ४ वटा गाई वा भैंसी अट्ने सुधारिएको गोठ निर्माण गरेको हुनुपर्ने । कृषक समूहको लागि न्यूनतम १० वटा उन्नत जातका गाई वा भैंसी पालन गरेका वा न्यूनतम ३ रोपनीमा उन्नत घाँस खेती गरेका वा न्यूनतम २५ वटा माउ बाख्रा पालन गरेका वा न्यूनतम ५ वटा गाई वा भैंसी अट्ने सुधारिएको गोठ निर्माण गरेको हुनुपर्ने ।

४. आफ्नै लगानीमा कृषि वा पशु तर्फ प्रोत्साहन स्वरूप कृषक समूहलाई १० हजारका दरले र कृषि/पशु फर्मलाई ५ हजारका दरले नगद अनुदान सहयोग गरिनेछ ।

५. सूचना आह्वान पश्चात माथि उल्लिखत मापदण्डमा पर्ने कृषकहरूले सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्नेछन् ।

६. यस कार्यक्रममा पेश भएका आवेदकहरूमध्ये स्थलगत निरीक्षण पश्चात बजेट, क्षेत्रफल, भुगोल, हाल सम्म कहिँ कतैबाट कृषि तथा पशुसँग सम्बन्धित अनुदान लिएको वा नलिएको, कृषकको आर्थिक अवस्था, एकल महिला तथा अन्य प्राविधिक दृष्टिकोणलाई आधार मानी गाउँपालिका स्तरीय गठन भएको कृषक छनौट समितिले कृषक वा फर्म वा समूह छनौट गर्नेछ ।

**आर्थिक पक्षः**

१. छनौट भएका प्रत्येक कृषक/ फर्मलाई प्रोत्साहन स्वरूप नगद अनुदान प्रति कृषक रू ५,०००। अक्षरूपी पाँच हजार मात्र उपलब्ध गराइनेछ ।(कृषि तर्फ)

२. छनौट भएका प्रत्येक कृषक/ फर्मलाई प्रोत्साहन स्वरूप नगद अनुदान प्रति कृषक रू ५,०००। अक्षरूपी पाँच हजार मात्र उपलब्ध गराइनेछ ।(पशुपालन तर्फ)

३. छनौट भएका कृषि समूह तथा पशुपालन समूहलाई प्रोत्साहन स्वरूप नगद अनुदान प्रति समूह रू १०,०००। अक्षरूपी दश हजार मात्र उपलब्ध गराइनेछ ।(कृषि तर्फ तथा पशुपालन तर्फ)

४. उपरोक्तानुसार कुनै वडाबाट यथेष्ट माग नआएको खण्डमा वा तोकिएको मापदण्डभित्र नपरेको खण्डमा माग भई आएका अन्य वडामा यस कार्यक्रम अन्तर्गतको अनुदान रकम उपलब्ध गराउन बाधा पुग्ने छैन ।यस बारे गाउँपालिका स्तरीय कृषक छनौट समितिले थप निर्णय गर्न सक्नेछ ।

५. यस कार्यक्रम मार्फत अध्यक्षस्तरीय निर्णय वा कार्यपालिकाको निर्णयले समेत अनुदान रकम हेरफेर गरी कृषकलाई प्रोत्साहन स्वरूप तोकिएको रकम भुक्तानी दिन बाधा पुग्ने छैन ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. तोकिएको ढाँचामा ढाँचामा अनुसूची ४ अनुसारको निवेदन ।

२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।

३. हाल सम्म कुनै पनि अनुदान नलिएको स्वघोषणा पत्र ।

४.	कृषि/पशु फर्म वा सहकारी संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, PAN/VAT प्रमाणपत्र प्रतिलिपि ।
५.	सम्बन्धीत वडाको सिफारिस पत्र ।

## ६. कृषि उपज संकलन केन्द्र तथा कोल्ड स्टोर व्यवस्थापन

## (विनियोजित रकम रू ६,००,०००)

### ५.१ कृषि उपज संकलन केन्द्र निर्माण (विनियोजित रकम रू ३,००,०००)

**प्राविधिक पक्षः**

१. उत्पादित कृषिबस्तुको संकलन र बिक्री वितरण कार्यलाई सहज बनाई कृषि उत्पादनको गुणस्तर कायम राख्न र उचित मूल्यमा खरिद बिक्री गरी व्यवसायिक कृषिमा संलग्न कृषकलाई प्रोत्साहनका लागि बढिमा ७५ % साझेदारीमा कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम ल्याइएको हो ।
२. कृषिसँग सम्बन्धित सहकारी/ समूह वा फर्म वा व्यवसाय उन्मुख कृषक यस कार्यक्रममा सहभागी हुन सक्नेछन् । कृषि सहकारी तथा समूहलाई विशेष प्राथमिकता दिइनेछ ।
३. कृषि कार्यक्रम व्यवसायिक रूपमा कृषि उपज उत्पादन हुने क्षेत्रमा वा आसपासको पायक पर्ने स्थानमा सञ्चालन हुनुपर्नेछ ।
४. सूचना आव्हान पश्चात माथि उल्लिखत मापदण्डमा पर्ने कृषि सहकारी / समूह / फर्महरू तथा व्यवसायिक कृषकले सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्नेछन् ।
५. यस कार्यक्रममा पेश भएका आवेदकहरूमध्ये स्थलगत निरीक्षण पश्चात बजेट, क्षेत्रफल, भुगोल, इच्छाशक्ति, कृषि उत्पादनको परिमाण तथा अन्य प्राविधिक दृष्टिकोणलाई आधार मानी गाउँपालिका स्तरीय गठन भएको कृषक छनौट समितिले बढीमा २ वटा प्रस्ताव छनौट गर्नेछ ।

**आर्थिक पक्षः**

१. छनौट भएका निवेदकले गाउँपालिकाले तयार गरेको लागत अनुमान (बढीमा रू २,००,००० सम्मको) लाई आधार मानी उक्त **कृषि उपज संकलन केन्द्र निर्माण** कार्य गर्नुपर्नेछ ।
२. गाउँपालिकाका कुनै दुई वडामा मात्र यस कार्यक्रम अन्तर्गत कृ**षि उपज संकलन केन्द्र निर्माण** हुन सक्नेछ ।
३. गाउँपालिकाले प्रत्येक संकलन केन्द्रलाई प्राविधिक मुल्याङ्कनका आधारमा ८५ % वा बढिमा रू १,५०,०००।- अक्षरूपी एक लाख पचास हजार मात्र उपलब्ध गराउनेछ । यस बाहेकको अन्य लागत कृषक वा समूह स्वयम्ले व्यहोर्नु पर्नेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. तोकिएको ढाँचामा अनुसूची ५ अनुसारको निवेदन ।
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।

३. कृषिफर्म वा सहकारी संस्था वा समूहको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, PAN/VAT प्रमाणपत्र प्रतिलिपि ।
४. समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान लिन माग गर्ने भनी गरेको निर्णयको प्रतिलिपि ।
५. सम्बन्धीत वडाको सिफारिस पत्र ।

## ५.२. कोल्ड स्टोर व्यवस्थापन (विनियोजित रकम रू ३,००,०००)

**प्राविधिक पक्षः**

१. रूपा गाउँपालिकाका ३ स्थान (वडा नं ३, ६ र ७) मा कृषि उपज भण्डारणका लागि कोल्ड स्टोर रहेको र हालसम्म कुनै पनि कोल्ड स्टोर पूर्णरूपमा संचालनमा नआएकाले संचालन र व्यवस्थापनका लागि यस कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।
२. कोल्ड स्टोर संचालनका जिम्मा पाएका सहकारी संस्था वा फर्म वा समूहले व्यवस्थापनका लागि वडामा निवेदन दिन सक्नेछ ।

**आर्थिक पक्षः**

१. सम्बन्धित वडाको सिफारिस सहित गाउँपालिकाको कृषि विकास शाखामा निवेदन प्राप्त भए पश्चात् स्थलगत निरीक्षण गरी गाउँपालिका स्तरीय गठन भएको कृषक छनौट समितिले बाँकी रहेको कामको प्रकृति हेरी साझेदारीमा प्रति कोल्ड स्टोर बढीमा रू १,००,००० (अक्षरूपी एक लाख मात्र) सम्मको नगद अनुदान दिन सिफारिस गर्नेछ ।
२. कोल्ड स्टोर संचालनमा आए पश्चात चालु आर्थिक वर्षमा रूपा गाउँपालिका भित्रका कृषकहरूले उत्पादन गरेका कृषि उपज तथा अनाज कोल्ड स्टोरमा भण्डारण गर्न चाहेमा भण्डारणका लागि लाग्ने सबै खर्च गाउँपालिकाले व्यहोर्नेछ ।
३. कोल्ड स्टोर व्यवस्थापन अन्तर्गत विद्युत जडान तथा महशुल, औजार खरिद तथा अन्य व्यवस्थापन कार्यका लागि उक्त रकम उपलब्ध गराइनेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. तोकिएको ढाँचामा ढाँचामा अनुसूची ६ अनुसारको निवेदन ।
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।
३. सम्बन्धीत वडाको सिफारिस पत्र ।
४. व्यवस्थापन गर्दा लागेको खर्चको विवरण र विल भरपाई ।

## ६. बाँदर व्यवस्थापन कार्यक्रम

## (विनियोजित रकम रू ५,००,०००)

**प्राविधिक पक्षः**

१. केही वर्षदेखि रूपा गाउँपालिकामा सयौंको संख्यामा रहेको बाँदरहरूको समूहले कृषकहरूले लगाएको फलफुल, तरकारी, मकै, नगदे तथा अन्य अन्नबाली नष्ट गर्दै आएकाले बाँदर व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

२. बाँदर धपाउन प्रयोग गरिने यन्त्रमा केरा पकाउनका लागि प्रयोग गरिने केमिकल (कारबाइट) राखेर पड्काउने र त्यसबाट ठूलो आवाज आउने हुँदा बाँदर तुरून्तै नफर्किने गरी भाग्ने भएकाले कृषकलाई यस कार्यक्रमबाट राहत मिल्नेछ ।

३. कृषि/पशुसँग सम्बन्धित फर्म/कम्पनी/सहकारी/समूह वा कृषक यस कार्यक्रममा सहभागी हुन सक्नेछन् ।

४. बाँदर व्यवस्थापनका लागि आवश्यक मेशिनरी तथा लजिस्टिक सामग्रीहरूमा अनुदान, बाँदर व्यवस्थापनमा सरोकारवालाहरूलाई तालिम, बाँदर छोपेर चिडियाखाना तथा निकुञ्जलाई हस्तान्तरण जस्ता क्रियाकलापहरू सञ्चालन हुन सक्नेछन् ।

५. सूचना आव्हान पश्चात पहिलो चरण गाउँपालिकाले मागका आधारमा बढिमा ३० थान बाँदर तर्साउने औजार वितरण गर्नेछ ।

६. बाँदर व्यवस्थापनमा सरोकारवालाहरूलाई बाँदर तर्साउने औजारका बारे तालिम समेत दिइनेछ ।

७. बाँदरले अत्याधिक क्षति पुर्याउने स्थान, खेती गरिएको स्थान तथा अन्य प्राविधिक दृष्टिकोणलाई आधार मानी समूह/सहकारीलाई प्राथमिकता दिई प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठन भएको कृषक छनौट समितिले प्रस्ताव छनौट गर्नेछ ।

**आर्थिक पक्षः**

१. कुनै एक टोलमा बढिमा दुई कृषि/पशुसँग सम्बन्धित फर्म/कम्पनी/सहकारी/समूह वा कृषक लाई ७५ % अनुदानमा सो यन्त्र वितरण गरिनेछ ।

२. बाँदर व्यवस्थापनमा सरोकारवालाहरूलाई तालिम समेत प्रदान गर्न सकिनेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. तोकिएको ढाँचामा अनुसूची ७ अनुसारको निवेदन ।

२. सम्बन्धीत वडाको सिफारिस पत्र ।

३. समूह/सहकारी फर्म दर्ता नविकरणको प्रमाणपत्र प्रतिलिपि ।

## ७. नेपाल सरकारबाट शसर्त वित्तीय हस्तान्तरण मार्फत सञ्चालन हुने कार्यक्रम

यस गाउँपालिकालाई आर्थिक बर्ष २०७७/७८ मा सङ्घीय सरकारबाट शसर्त वित्तीय हस्तान्तरण मार्फत सञ्चालन हुने कार्यक्रम नेपाल सरकारले जारी गरेको कार्यविधि/नर्म्स / निर्देशिका बमोजिम हुनेछ ।

### ७.१ बहुउद्देश्यीय नर्सरी स्थापना कार्यक्रम/स्थापित नर्सरीको क्षमता अभिबृद्धि कार्यक्रमः

- नेपाल सरकारले जारी गरेको बहुउद्देश्यीय नर्सरी स्थापना तथा हाल सञ्चालित नर्सरीहरूको क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन प्रक्रिया, २०७७ बमोजिम हुनेछ ।
- बहुउद्देश्यीय नर्सरी स्थापना तथा स्थापित नर्सरीको क्षमता अभिबृद्धि गर्ने कार्यक्रमको संख्या तथा अनुदान रकम तपसिल बमाजिम हुनेछ ।

**तपसिल**

| क सं | नयाँ बहुउद्देश्यीय नर्सरी स्थापना | | स्थापित नर्सरीको क्षमता अभिबृद्धि | | कैफियत |
|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | |
| १ | १ | ५०% वा बढीमा रू १ लाख | २ | ५०% वा बढीमा रू ५० हजार | |

### ७.२ पकेट विकास कार्यक्रम

- साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमका लागि नेपाल सरकारले जारी गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन म्यानुअल **PROJECT IMPLEMENTATION MANUAL (PIM),**२०७७ बमोजिम हुनेछ ।
- साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमका कार्यक्रमको संख्या तथा अनुदान रकम तपसिल बमाजिम हुनेछ ।

| क्र०सं० | कार्यक्रम | संख्या | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँ साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | १ | ५०% वा बढीमा रू १२ लाख मात्र | |
| २ | आ० व २०७६/७७ मा सञ्चालित पकेट | ५ | प्रति पकेट ५०% वा बढीमा रू २ लाख २५ हजार मात्र | १. केरा पकेट, रूपा -४<br>२. कागती पकेट, रूपा - ५<br>३. कफी पकेट, रूपा - ६<br>४. तरकारी पकेट, रूपा - ७<br>५. मौरी पकेट, रूपा - ७ |

## ८. कृषक छनौट समितिको गठन, काम, कर्तव्य र अधिकारः

१. गाउँपालिका स्तरीय अध्यक्षको संयोजकत्वमा गठन भएको कृषक छनौट समिति ७ सदस्यीय हुनेछ ।

| क्र स | कृषक छनौट समिति | |
|---|---|---|
| १ | संयोजक | गाउँपालिका अध्यक्ष |
| २ | सदस्य | गाउँपालिका उपाध्यक्ष |
| ३ | सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | सदस्य | आर्थिक प्रशासन शाखा प्रतिनिधि |
| ५ | सदस्य | पशु सेवा शाखा प्रतिनिधि |
| ६ | सदस्य | प्रास /नाप्रास कृषि विकास शाखा |
| ७ | सदस्य सचिव | कृषि विकास शाखा प्रमुख |

कृषक छनौट समितिमा बढिमा २ जना आमन्त्रित सदस्य समेत हुन सक्नेछ ।

२. कृषक छनौट समितिको निर्णय बमोजिम कुनै गुनासो भएमा सम्बन्धित शाखामा गुनासो दर्ता गर्न सकिनेछ।

३. गाउँपालिका स्तरीय गठन भएको कृषक छनौट समितिले स्थलगत निरीक्षण गरी आवश्यकता अनुसार थप निर्णय गर्न सक्नेछ ।

४. कृषक छनौट समितिको अन्तिम अनुगमन पश्चात मात्र अनुदानग्राहीले भुक्तानी पाउनेछन्।

५. गाउँपालिका उपाध्यक्षको नेतृत्वमा कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ। उक्त निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

६. सिफारिस भएका कुनै प्रस्तावकले काम गर्न इच्छा नदेखाएमा अर्को प्रस्तावकसगँ सम्झौता गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

७. गाउँपालिका अध्यक्षस्तरीय थप केहि निर्णय भएमा सो निर्णय बमाजिम कार्यान्वयन गरिनेछ।

८. माथि उल्लिखत कृषि सम्बन्धी कार्यक्रमहरूको कृषक छनौट समिति बैठक भत्ता, अनुगमन भत्ता तथा दैनिक भ्रमण भत्ता लगायतका अन्य विषयमा प्रचलित नेपाल कानून तथा रूपा गाउँपालिकाको खर्चको मापदण्ड, २०७७ बमोजिम हुनेछ । सो को लागि सम्बन्धित कार्यक्रमहरूबाट नै उक्त प्रयोजनका लागि खर्च स्वीकृत गरिनेछ ।

# अनुसूचिहरू

## अनुसूचि १

### एक घर एक करेसाबारी कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा ।

मितिः २०७७।०९।

श्री रूपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
..................., कास्की ।

विषयः **एक घर एक करेसाबारी** कार्यक्रम अन्तर्गत प्लास्टिक टनेल उपलब्ध गराइदिनुहुन ।

महोदय,

उपरोक्त विषय सम्बन्धमा यस रूपा गाउँपालिका ....... नं स्थित ............................................ कृषक समुह / कृषि सहकारी / कृषि फर्म / व्यवसायिक उन्मुख कृषकले **एक घर एक करेसाबारी** कार्यक्रमको अनुदानका लागि गाउँपालिकाको मिति ............................ मा प्रकाशित सुचना बमोजिम यो निवेदन पेश गरेका छौं । हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने मापदण्ड पूर्ण रूपमा अपनाएका छौं । तसर्थ उक्त कार्यक्रममा मलाई/ हामीलाई समावेश गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।यसका लागि आवश्यक तपसिलका कागजातहरू समावेश गरी पेश गरेका छौं ।

तपसिल

१. नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।
२. नवनिर्मित तयार गरेको फ्रेमको फोटो ।
३. कृषि फर्म र सहकारी रसमूहको हकमा दर्ता प्रमाणपत्र तथा PAN दर्ता प्रमाणपत्र प्रतिलिपी ।
४. सहकारी र समूहको हकमा कार्य समितिले गरेको निर्णयको प्रतिलिपी ।

**निवेदक**
आवेदकको नाम:
आवेदकको ठेगाना:
सम्पर्क नं:
हस्ताक्षर:
हाल भएको टनेल संख्याः

# अनुसूचि २

## एक वडा एक नर्सरी कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा ।

मितिः २०७७।०९।

श्री रूपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
रूपाकोट, कास्की ।

विषयः **एक वडा एक नर्सरी** कार्यक्रममा समावेश गराइदिनुहुन ।

महोदय,

उपरोक्त विषय सम्बन्धमा यस रूपा गाउँपालिका ........ नं स्थित .............................................. कृषक समुह / कृषि सहकारी / कृषि फर्म / व्यवसायिक उन्मुख कृषकले **एक वडा एक नर्सरी** कार्यक्रमको अनुदानका लागि गाउँपालिकाको मिति ............................ मा प्रकाशित सुचना बमोजिम यो निवेदन पेश गरेका छौं । हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने मापदण्डहरू पूर्ण रूपमा बुझी सोही बमोजिम काम गर्नेछौं । तसर्थ उक्त कार्यक्रममा हामीलाई समावेश गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।यसका लागि आवश्यक तपसिलका कागजातहरू समावेश गरी यो निवेदन पेश गरेका छौं ।

तपसिल

१. नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।
२. कृषि फर्म / कम्पनी / सहकारी / समूहको हकमा दर्ता प्रमाणपत्र तथा PAN/VAT दर्ता प्रमाणपत्र प्रतिलिपी।
३. सहकारी / समूहको हकमा कार्य समितिले गरेको निर्णयको प्रतिलिपी।
४. व्यवसायिक कृषकको हकमा कृषक वर्गिकरण पत्र ।
५. आफ्नो नाममा जग्गाधनी पूर्जा प्रमाणपत्र नभएको खण्डमा जग्गा करारनामा वा भाडा सम्झौता पत्र ।

**निवेदक**
आवेदकको नाम:
आवेदकको ठेगाना:
सम्पर्क नं:
हस्ताक्षर:
संस्थाको नाम छाप

## अनुसूचि ३

### जग्गा चक्लाबन्दी (गह्रा सुधार) कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा ।

मितिः २०७७।०९।

श्री रूपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, ,
रूपाकोट, कास्की ।

विषयः **जग्गा चक्लाबन्दी (गह्रा सुधार) कार्यक्रममा** समावेश गराइदिनुहुन ।

महोदय,

उपरोक्त विषय सम्बन्धमा यस रूपा गाउँपालिका ........ नं वडा स्थित ............................................... कृषक समुह / कृषि सहकारी / कृषि फर्म / व्यवसायिक उन्मुख कृषकले जग्गा चक्लाबन्दी (गह्रा सुधार) कार्यक्रमका लागि तहाँ कार्यालयको मिति ............................ मा प्रकाशित सुचना बमोजिम यो निवेदन पेश गरेका छौं। हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने मापदण्डहरू पूर्ण रूपमा बुझी सोही बमोजिम काम गर्नेछौं । तसर्थ उक्त कार्यक्रममा हामीलाई समावेश गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।यसका लागि आवश्यक तपसिलका कागजातहरू समावेश गरी यो निवेदन पेश गरेका छौं ।

तपसिल

१. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।
२. कृषि/पशु फर्म वा सहकारी संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, PAN/VAT प्रमाणपत्र प्रतिलिपि ।
३. समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान लिन माग गर्ने भनी गरेको निर्णयको प्रतिलिपि ।
४. व्यक्तिगत कृषकको हकमा नीजको कृषक वर्गीकरणको प्रतिलिपि ।
५. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि र कित्ता स्पष्ट देखिने व्लु प्रिन्ट नक्सा ।
६. सम्बन्धीत वडाको सिफारिस पत्र ।

**निवेदक**
आवेदकको नाम र ठेगानाः
सम्पर्क नं:
हस्ताक्षर:
चक्लाबन्दी (गह्रा सुधार) गर्न चाहेको कित्ताः
चक्लाबन्दी (गह्रा सुधार) गर्न चाहेको कूल क्षेत्रफलः
संस्थाको नाम छापः

**अनुसूचि ४**

**कृषक प्रोत्साहन कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा ।**

मितिः २०७७।०९।

श्री रूपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, ,
रूपाकोट, कास्की ।

विषयः **कृषक प्रोत्साहन कार्यक्रममा** समावेश गराइदिनुहुन ।

महोदय,

उपरोक्त विषय सम्बन्धमा यस रूपा गाउँपालिका ........ नं वडा स्थित .............................................. कृषक समुह / कृषि सहकारी / कृषि फर्म / व्यवसायिक उन्मुख कृषकले **कृषक प्रोत्साहन कार्यक्रममा** लागि तहाँ कार्यालयको मिति ........................... मा प्रकाशित सुचना बमोजिम यो निवेदन पेश गरेका छौं। हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने मापदण्डहरू पूर्ण रूपमा बुझी सोही बमोजिम काम गर्नेछौं । तसर्थ उक्त कार्यक्रममा हामीलाई समावेश गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।यसका लागि आवश्यक तपसिलका कागजातहरू समावेश गरी यो निवेदन पेश गरेका छौं ।

तपसिल

१. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।
२. हाल सम्म कुनै पनि अनुदान नलिएको स्वघोषणा पत्र ।
३. कृषि/पशु फर्म वा सहकारी संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, PAN/VAT प्रमाणपत्र प्रतिलिपि ।
४. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि ।
५. तोकिएको ढाँचामा प्रस्ताव ।

**निवेदक**
आवेदकको नामः
आवेदकको ठेगानाः
हस्ताक्षरः
सम्पर्क नंः
संस्थाको नाम छापः

## अनुसूचि ४.१

## कृषक प्रोत्साहन कार्यक्रमको प्रस्तावको ढाँचा

१. कृषकको नामथरः
२. फर्म वा समूहको नामः
(फर्म वा समूहमार्फत हो भने मात्र)
अध्यक्षको नामथरः
३. ठेगानाः
४. हालसम्म कुनै कार्यालयबाट अनुदान लिएको वा नलिएकोः
अनुदान लिएको भए कुन कार्यालयबाट लिएकोः
अनुदान लिएको भए अनुदान रकमः
५. हालको अवस्थाः (कृषि तथा पशु तर्फ)

**कृषि तर्फ**

| क्र.स | कृषकको नामथर | टनेल संख्या | फलफुल खेती क्षेत्रफल रोपनीमा | तरकारी खेती क्षेत्रफल रोपनीमा | मौरी सहितको घार संख्या |
|---|---|---|---|---|---|
| | | | | | |

**पशुपालन तर्फ**

| क्र.स | कृषकको नामथर | उन्नत जातका गाई वा भैंसी संख्या | | उन्नत घाँस खेती क्षेत्रफल रोपनीमा | वोयर जातका बाखा सख्या | कति पशु संख्या क्षमता भएको गोठ | गोठको क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| | | गाई | भैंसी | | | | |
| | | | | | | | |

६. अन्य केहि भए उल्लेख गर्नुहोस्: (जस्तै वैदेशिक रोजगारीबाट फर्किएको/ एकल महिला)

हस्ताक्षर समूहको छाप

## अनुसूचि ५

### कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा ।

मितिः २०७७।०९।

श्री रूपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
रूपाकोट, कास्की ।

विषयः **कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रममा** समावेश गराइदिनुहुन ।

महोदय,

उपरोक्त विषय सम्बन्धमा यस रूपा गाउँपालिका ........ नं वडा स्थित ............................................. कृषक समुह / कृषि सहकारी / कृषि फर्मले **कृषि उपज संकलन केन्द्र निर्माण कार्यक्रम** लागि तहाँ कार्यालयको मिति ............................ मा प्रकाशित सुचना बमोजिम यो निवेदन पेश गरेका छौं। हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने मापदण्डहरू पूर्ण रूपमा बुझी सोही बमोजिम काम गर्नेछौं । हामीले यस संकलन केन्द्र निर्माण पश्चात कृषकका उपज तथा उत्पादित कृषिवस्तु उचित मूल्यमा खरिद गर्न राजिछौं । तसर्थ उक्त कार्यक्रममा हामीलाई समावेश गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।यसका लागि आवश्यक तपसिलका कागजातहरू समावेश गरी यो निवेदन पेश गरेका छौं ।

तपसिल

१. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।
२. कृषि फर्म वा सहकारी संस्था वा समूहको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, PAN/VAT प्रमाणपत्र प्रतिलिपि ।
३. समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकले अनुदान लिन माग गर्ने भनी गरेको निर्णयको प्रतिलिपि ।
४. जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि ।

**निवेदक**
आवेदकको नामः
आवेदकको ठेगानाः
हस्ताक्षरः
सम्पर्क नंः
दैनिक संकलन हुने कृषि बस्तुको अनुमानित परिमाणः
संस्थाको नाम छापः

## अनुसूचि ६

## कोल्ड स्टोर व्यवस्थापन कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा ।

मितिः २०७७।०९।

श्री रूपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
रूपाकोट, कास्की ।

विषयः **कोल्ड स्टोर व्यवस्थापन कार्यक्रममा** समावेश गराइदिनुहुन ।

महोदय,

उपरोक्त विषय सम्बन्धमा यस रूपा गाउँपालिका …….. नं वडा स्थित ……………………………………….. कृषक समुह / कृषि सहकारी / कृषि फर्मले सञ्चालन गरेको **कोल्ड स्टोर व्यवस्थापनका** लागि तहाँ कार्यालयको मिति ………………………. मा प्रकाशित सुचना बमोजिम यो निवेदन पेश गरेका छौं । हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने मापदण्डहरू पूर्ण रूपमा बुझी सोही बमोजिम काम गर्नेछौं । कोल्ड स्टोर पूर्णरूपमा संचालनमा आउन तपसिलका समस्या भएकाले सो समस्यालाई सम्बोधन गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

**समस्या**

| संचालक समितिको नाम र ठेगाना | कोल्ड स्टोरमा अपुग सामाग्री तथा पूर्णरूपमा संचालनमा आउन परेका समस्याहरू |
|---|---|
| | १. |
| | २. |
| | ३. |
| | अन्य |

समावेश गरिएका कागजातहरुः

१. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।
२. कृषि फर्म वा सहकारी संस्था वा समूहको हकमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, PAN/VAT प्रमाणपत्र प्रतिलिपि तथा कोल्डस्टोर संचालन समितिको बैठकले अनुदान लिन माग गर्ने भनी गरेको निर्णयको प्रतिलिपि ।

**निवेदक**
आवेदकको नामः
आवेदकको ठेगानाः
हस्ताक्षरः
सम्पर्क नंः
संस्थाको नाम छापः

## अनुसूचि ७

### बाँदर व्यवस्थापन कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा ।

मितिः २०७७।०९।

श्री रूपा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

रूपाकोट, कास्की ।

विषयः **बाँदर व्यवस्थापन कार्यक्रमका** समावेश गराइदिनुहुन ।

महोदय,

उपरोक्त विषय सम्बन्धमा यस रूपा गाउँपालिका ........ नं वडा स्थित ............................................... कृषक समुह / कृषि सहकारी / कृषि फर्म वा व्यवसाय उन्मुख कृषकले **बाँदर व्यवस्थापन कार्यक्रमका** लागि तहाँ कार्यालयको मिति ............................ मा प्रकाशित सूचना बमोजिम यो निवेदन पेश गरेका छौं। हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने मापदण्डहरू पूर्ण रूपमा बुझी सोही बमोजिम काम गर्नेछौं । बाँदरको अत्याधिक समस्या भएकाले बाँदर व्यवस्थापनका लागि हामीलाई मेशिनरी तथा लजिस्टिक सामग्रीहरू आवश्यक भएकाले उक्त कार्यक्रममा हामीलाई समावेश गरिदिनुहुन विनम्र अनुरोध गर्दछौं ।यसका लागि आवश्यक तपसिलका कागजातहरू समावेश गरी यो निवेदन पेश गरेका छौं ।

| क.स | यन्त्र | माग संख्या |
|---|---|---|
| १ | बाँदर तर्साउने बन्दुक | |
| २ | अन्य केहि भए उल्लेख गर्नुहोला<br>१<br>२ | |

**निवेदक**

आवेदकको नाम:

आवेदकको ठेगानाः

सम्पर्क नं:

लाभान्वीत हुने घरधूरी संख्या

हस्ताक्षर:

संस्थाको नाम छापः

## अनुसूचि ८

## ५०% अनुदानमा बहुउद्देश्यीय नर्सरी स्थापना कार्यक्रम/स्थापित नर्सरीको क्षमता अभिबृद्धि कार्यक्रम आवेदन फाराम

मिति :..... ....... .......

श्रीमान प्रमूख ज्यू,
...................

महोदय,

प्रस्तुत बिषयमा तहाँबाट सूचना भए बमोजिम म/हामी..................... ५० % अनुदानमा बहुउद्धेश्यीय नर्सरी स्थापना कार्यक्रम /स्थापित नर्सरीको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गर्न इुच्छुक रहेकोले .......... रकमको प्रस्तावना तयार गरी तपशिल बमोजिमका कागजातहरू संलग्न राखी यो निवेदन पेश गरेको छु/गरेका छौं ।

**संलग्न कागजातहरुः**

१) तोकिएको ढाँचा अनुसारको निवेदन

२) नेपाली नागरिकताको प्रतिलिपि

३) संस्था भए दर्ता/नवीकरण/स्थायी लेखा नं /कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

४) बैठक निर्णयको प्रतिलिपि

५) नयाँ नर्सरी स्थापना गर्ने जग्गाको /पुरानो नर्सरी भएको जग्गाको लालपूर्जाको प्रतिलिपि

६) जग्गा करारमा लिइएको भए करार सम्झौताको प्रतिलिपि

७) अनुसूची ८.१ अनुसारको प्रस्तावना र अनुसूची- बमोजिमको प्रतिबद्धता

निवेदक

नाम र थरः

ठेगानाः

छापः

## अनुसूचि ८.१

## ५०% अनुदानमा बहुउद्देश्यीय नर्सरी स्थापना कार्यक्रम/स्थापित नर्सरीको क्षमता अभिबृद्धि कार्यक्रमको प्रस्तावनाको ढाँचा

१) आवेदकको नामः

२) ठेगानाः

३) कार्यक्रम संचालन हुने स्थानः

४) कार्यक्रम संचालन हुने क्षेत्रफलः

५) भौतिक सुविधाको अवस्थाः

क) बाटो.....

ख) बिजुली.....

ग) सिंचाई ......

घ) बजार ...........

ङ) अन्य केहि भए उल्लेख गर्ने .......

६) उत्पादन गर्ने /गरिएको बिरूवाको विवरण (स्थापित नर्सरीहरूको क्षमता अभिबृद्धि कार्यक्रमको हकमा मात्र):

| **क्र स** | **विरूवाको किसिम** | **जात** | **विरूवाको उमेर र साईज** | **कलमी विरूवाको संख्या** | **विजु विरूवाको संख्या** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**७) प्रस्तावित क्रियाकलापहरू तथा लागत इस्टिमेट**

| क्र स | क्रियाकलापहरू | इकाई | परिमाण | दर | जम्मा |
